# राष्ट्रिय सूचना आयोग

## का.म.न.पा.-१० (देवीनगर) काठमाडौं

प. सं. ०७५/७६
च. नं.

### आयोगका कर्मचारीमा कोरोना संक्रमण सम्बन्धमा ।

आयोगका एकजना कर्मचारीमा कारोना संक्रमणको लक्षण देखिएकोले परिक्षण गर्दा पोजिटिभ आएको र निजसंग नियमित र नजिकको सम्पर्कमा रहेका अन्य कर्मचारीहरु आयोगको कामको सिलसिलामा आयोगका पदाधिकारीहरु र उच्च पदस्थ कर्मचारीहरुसंग नियमित रुपमा भेटघाट तथा बैठकमा सहभागी रहेको अवस्थामा नेपाल सरकारवाट जारी निर्देशिका तथा अन्य कर्मचारी र सेवाग्राहीमा कोरोना सार्न सक्ने सम्भावनालाई ध्यानमा राखी आयोगका पदाधिकारीहरु, सचिव र अन्य केही कर्मचारीहरु घरमै सेल्फ आइसोलेशनमा बस्नु परेको छ । यसवाट आयोगका केही अति आवश्यक कामहरुमा बाधा पुग्ने अवस्था सृजना भएको छ । आयोग सिमित कर्मचारी राखी सुचारु राखिएको छ । पुनरावेदन तथा उजुरीका निवेदनहरु यथाशक्य विद्युतिय माध्यमवाट पठाउनु हुन अनुरोध छ । सिधा सम्पर्कमा रहेका कर्मचारीहरुको कोरोना परिक्षण पश्चात थप भन्न सकिने अवस्था छ । यस अवस्थावाट सेवाग्राहीमा पर्नसक्ने असुविधा प्रति आयोग क्षमाप्रार्थी छ । संक्रमित कर्मचारीलाई अस्पताल लैजाने विषयमा छलफल भइरहेको छ । निजको स्वास्थ्यलाभको आयोग कामना गर्दछ ।

(कमला ओली थापा)
सूचना आयुक्त तथा प्रवक्ता

२०७७ आश्विन १८ गते आइतबार